गुलरिया नगरपालिका, बर्दिया

# बाल बिवाह व्यापकता सर्वेक्षण प्रतिबेदन

# Report on Child Marriage Prevalence Survey

गुलरिया नगरपालिका, बर्दिया

**Gulariya Municipality, Bardiya**

**December 2022**

# बिषयसूचि (Contents)


शब्दावली तथा परिभाषा ....................................................................3
कृतज्ञता ....................................................................4
साराँश (Summary) ....................................................................5
एकाइ १: परिचय (Introduction) ....................................................................9
१.१ पृष्ठभूमि....................................................................9
१.२ परियोजनाको परिचय ....................................................................9
१.३ सर्वेक्षणको उद्देश्य....................................................................10
एकाइ २: सर्वेक्षण क्षेत्र र विधि (Methodology) ....................................................................11
२.१ पालिकाको पृष्ठभुमि ....................................................................11
२.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू ....................................................................11
२.३ नमूना छनौट प्रक्रिया र नमूना ....................................................................11
२.४ तथ्याङ्क सङ्कलन विधि....................................................................13
एकाइ ३: तथ्यांक विश्लेषण र साररहरु (Data Analysis and Findings)....................................................................15
३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी....................................................................15
३.२ बालबिवाह....................................................................16
३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था....................................................................16
३.२.२ बिवाहको प्रकार ....................................................................19
३.२.३ बिवाह दर्ताको अवस्था ....................................................................20
३.२.४ बिवाह हुँदा र बिवाह पछिको शैक्षिक अवस्था ....................................................................21
३.२.५ गर्भावस्था र बालबच्चाको विवरण....................................................................24
३.२.५ बालबिवाहका कारणहरू....................................................................25
३.२.६ बालबिवाहको अन्त्य गर्न सम्भावित उपायहरु ....................................................................26
३.२.७ बालबिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी ....................................................................28
३.२.९ बालबिवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी ....................................................................28
३.२.१० बालबिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान ....................................................................30

३.२.११ बालबिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ....................................30

३.२.१२ बालबिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको जानकारी....................31

एकाइ ४ निष्कर्ष र सुझाब (Conclusion and Recommednations)........................33

४.१ निष्कर्ष..........................................................................................33

४.२ सुझाब............................................................................................35

## शब्दावली तथा परिभाषा

बाल बालिका : संयुक्त राष्ट्रसघीय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।

# कृतज्ञता

प्लान ईन्टरनेशनल नेपालले गर्ल्स गेट इक्वलः बालबिवाह, छिटो हुने बिवाह र जवरजस्ति गरिने बिवाह रोकथाम (NORAD) परियोजना बर्दिया कालिकोट र जुम्ला जिल्लाहरुका १० वटा पालिकामा बालबिवाह र छिटो हुने बिवाहको चलन सर्वेक्षण सञ्चालन गर्ने प्रक्रियामा सहयोग गर्ने सबै सरोकारवालाहरुलाई अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा सिकाई ईकाईका तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौ। परियोजनाको कार्यान्वयन साझेदार बाँके युनेस्को क्लबले परियोजना सम्बन्धी जानकारी प्रदान गर्न, स्थानीय सरकारहरूसँग समन्वय गर्न र सर्वेक्षण गर्न आवश्यक गणकहरूको छनोटमा उत्तरदायी र सहयोगी भुमिका खेल्नु भएकोले वहाँहरु प्रति आभार व्यक्त गर्दछौ । प्लान ईन्टरनेशनल नेपालको पश्चिम क्षेत्रीय कार्यालय (RoW) का अम्बिका तिमिल्सिना-परियोजना प्रबन्धक, झलक विश्वकर्मा-परियोजना संयोजक, हसरत अली-अनुगमन, मूल्याङ्कन, अनुसन्धान संयोजक तथा दिनेश चौधरी-परियोजना संयोजक (BEE Group) र महेश नेपाली-परियोजना संयोजक तथा मोहम्मद ईर्सादि राई-अनुगमन, मूल्याङ्कन, अनुसन्धान संयोजक (बाँके युनेस्को क्लब) जसले यो सर्बेक्षणमा महत्त्वपूर्ण सहयोग गर्नु भएकोले वहाँहरुलाई कृतज्ञता व्यक्त गर्दछौ । सर्वेक्षण प्रक्रियाको वा अन्तरवार्ताको क्रममा आफ्नो अमूल्य समय सहित जानकारी तथा सूचना प्रदान गरि दिनु हुने यस पालिकाका सम्पूर्ण सहभागिहरु तथा दाजु भाई दिदीबहिनी बाबु, आमा, समुदायका अगुवाहरू सबैप्रति हामी आभारी छौं । यो सर्वेक्षण गर्न प्रश्नावलीहरुमा विचार प्रदान गर्नु हुने तथा सर्वेक्षण गर्नको लागि अनुमति दिने यस पालिका लगायत यस पालिकाका सबै प्रतिनिधीज्यूहरुलाई विशेष धन्यवाद । धेरै व्यक्तिहरु र सरोकारवालाहरुको सहयोगले यो अन्तिम प्रतिवेदन तयार गर्न सम्भव भएको छ तसर्थ म यस प्रक्रियामा सहभागि सबै व्यक्तिहरूलाई हामि धन्यवाद दिन चाहन्छौं।

कृष्ण श्रेष्ठ
प्लान ईन्टरनेशनल नेपाल
अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा सिकाई ईकाई

# साराँश (Summary)

लुम्बिनि प्रदेशमा अन्तर्गत बर्दिया जिल्लाको गुलरिया नगरपालिकामा बाल बिवाह व्यापकता दर सम्बन्धी एक सर्वेक्षण गरिएको थियो । समग्रमा, ३६ प्रतिशत महिला र ६४ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए जहाँ सबै भन्दा बढी ३५ प्रतिशत तराई जनजाति त्यसपछि १६ प्रतिशत ब्राह्मण/क्षेत्री, २७ प्रतिशत मधेशि, ९ प्रतिशत तराई दलित, ११ मुस्लिम, १ प्रतिशत पहाडी दलित र १ प्रतिशत अन्य जातजातिको यस सर्बेक्षणमा सहभागिता थियो । यसरीनै उमेरगत रुपमा, ३४ प्रतिशत उत्तरदाता २०-४० वर्ष उमेर समूहका, ४७ प्रतिशत ४१-६० वर्ष उमेर समूहका, ६ प्रतिशत उत्तरदाता २० बर्ष भन्दा कम उमेरका र १२ प्रतिशत उत्तरदाता ६१ वर्षभन्दा माथिका उत्तरदाताहरु यस सर्बेक्षणमा सहभागिता थियो थिए । २७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो

## सर्बेक्षणको सार निम्न अनुसार छन् ।

गुलरिया नगरपालिकामा कुल मिलाएर २९९ (महिला १०७ र पुरुष १९२) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । सबै भन्दा बढी ३५ प्रतिशत तराई जनजाति त्यसपछि २७ प्रतिशत मधेशी, १६ प्रतिशत ब्राह्मण/क्षेत्री, ११ प्रतिशत मुस्लिम, ९ प्रतिशत तराई दलित, १ प्रतिशत पहाडी दलित र १ प्रतिशत अन्य जातजातिको यस सर्बेक्षणमा सहभागिता थियो ।

यसरीनै उमेरगत रुपमा, ४७ (१४२ जना) प्रतिशत उत्तरदाता ४१-६० वर्ष उमेर समूहका, ३४ (१०१ जना) प्रतिशत २०-४० वर्ष उमेर समूहका, १२ (३७ जना) प्रतिशत उत्तरदाता ६१ वर्षभन्दा माथिका र ६ (१९ जना) प्रतिशत उत्तरदाता २० बर्ष भन्दा कम उमेरका उत्तरदाताहरु यस सर्बेक्षणमा सहभागिता थियो।

यो अध्ययनमा सहभागि भएका २९९ घरपरिवार मध्ये समग्रमा ७२ प्रतिशत सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा सबै भन्दा बढी वडा नम्बर १, ८ र ९ मा (१०० प्रतिशत), वडा नम्बर ९ (८५ प्रतिशत) र वडा नम्बर २ (८३ प्रतिशत) का सहभागिलाई थाह भएको पाईयो । वडागत हिसाबले हेर्दा वडा नम्बर ३, ४ र ७ का सहभागिहरुलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा कम जानकारी भएको पाईयो ।

यस पालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ३८ प्रतिशत, सन् २०२१ मा ३० प्रतिशत र सन् २०२२ मा २१ प्रतिशत बाल बिवाहको दर पाईयो । बाल बिवाह को दर सन् २०२१ को तुलनामा उल्लेख्य रुपमा घटेको पाईएको छ जुन नेपालको औषत बाल बिवाह दर (२९ प्रतिशत) भन्दा कम हो ।

यस पालिकामा गत एक वर्षमा ५७५ जनाको बिवाह भएका थियो भने जसमा ११९ बालबिवाहमा पर्दछन् जुन जम्मा बिवाहको २१ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा यो ३० प्रतिशत थियो । सन् २०२२ मा वडा नं १, २ र ३ मा बालबिवाह वढि भएको देखिन्छ जुन क्रमश ३४ प्रतिशत ३३ प्रतिशत र २९ प्रतिशत छ भने वडा नं ६, १२, र ४ मा कम बालबिवाह देखिन्छ ।

यस पालिका अन्तरगत जम्मा बाल बिवाह (२१ प्रतिशत) भएको मध्ये १७ प्रतिशत महिलाहरुको र ४ प्रतिशत पुरुषहरुको बाल बिवाह भएको पाईयो जसमा यो दर महिलाहरुको सन्दर्भमा सबै भन्दा बढी वडा नम्बर ३ मा २७ प्रतिशत, वडा नम्बर १ मा २४ प्रतिशत र २ मा २१ प्रतिशत रहेको छ । त्यसरीनै पुरुषहरुको हकमा सबै भन्दा बढी वडा नम्बर २ मा १२ प्रतिशत, वडा नम्बर १ मा १० प्रतिशत र वडा नम्बर ११ मा ७ प्रतिशत बाल बिवाह भएको पाईयो ।

यस पालिकाको जातिगत रुपमा तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी ७ प्रतिशत तराई जनजाति समुदायमा भएको पाईयो भने ७ प्रतिशत मधेशी समुदायमा २ प्रतिशत ब्राम्हण क्षत्रि तथा २ प्रतिशत मुस्लिम समुदायमा भएको पाईयो । वडागत रुपमा मधेशी समुदायमा हेर्दा सबै भन्दा बढी वडा नम्बर २ र ३ मा २१ प्रतिशत तथा वडा नम्बर ८ र १० मा १४ प्रतिशत बाल बिवाह भएको देखियो ।

सन् २०२२ अवधिमा यस पालिकामा जम्मा भएको बिवाह मध्ये करिब २३ (५७५ मध्ये १३२) प्रतिशत मात्र आफ्नै ईच्छाले बिवाह गरेको देखिन्छ भने बाँकि ७७ (५७५ मध्ये ४४३) प्रतिशत अभिभाबकले बिवाह

गरीदिएको पाईयो । बाल बिवाहको हकमा हेर्ने हो भने १३ प्रतिशत बिवाह अभिभाबकले गरी दीएको र बाँकि ८ प्रतिशत आफ्नै ईच्छाले बिवाह गरको तथ्याङ्कले देखाउछ ।

सन् २०२२ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये ३९ प्रतिशत आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने ६१ प्रतिशत अभिभावकले बाल बिवाह गरी दिएको पाईयो । बाल बिवाह मध्ये २८ प्रतिशत महिलाको र १२ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो ।

२० वर्ष उमेर पुगे पछि बिवाह भएको (४५६) मध्ये जम्मा ४२ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जस्मा सबै भन्दा बढी वडा नम्बर १२ मा ८६ प्रतिशत, वडा नम्बर ५ मा ६९ प्रतिशत र वडा नम्बर २ मा ६४ प्रतिशत रहको पाईयो भने सबै भन्दा कम वडा नम्बर ९ मा ० प्रतिशत, वडा नम्बर १० मा १५ प्रतिशत र ३ वडा नम्बर ११ मा २९ प्रतिशतमात्र बिवाह दर्ता भएको देखियो ।

२० वर्ष उमेर माथि बिवाह भएको (४५६) मध्ये जम्मा २१ प्रतिशत पुरुषहरुको बिवाह दर्ता भएको देखियो भने महिलाहरुको हकमा पनि २१ प्रतिशतनै बिवाह दर्ता भएको पाईयो । यो अध्ययनले गुलरिया नगरपालिकामा महिला र पुरुष दुबै समूहमा बिवाह दर्ता गर्ने चलन कम रहेको पाईयो यसर्थ बिवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउँनु जरुरी देखियो ।

समग्रमा गुलरिया पालिकाको तथ्याङ्क हेर्दा सन् २०२२ मा अधिकतम ७ प्रतिशतको बाल बिवाह आधारभूत तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ७ प्रतिशत माध्यामिक तहसम्म, ६ प्रतिशत बिध्यालय नगएकाहरुमा र बाँकि १ प्रतिशत स्नातक वा सो भन्दा माथि तहसम्म पढाई भएकाहरु माझ बाल बिवाह भएको पाईयो ।

गुलरिया पालिकामा बिवाह अघि करिब ३९३ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात १२४ (३२ प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर २६९ जनाले मात्र बिवाह पश्चात पढाई शुचारु गरेको पाईयो । शैक्षिक तहगत रुपमा हेर्ने हो भने सबै भन्दा बढी ७९ जनाले मा आधारभूत तहमा पढ्नेहरुको बिवाह पश्चात पढाई छोडेको पाईयो भने ३८ जना ध्यमिक तह सम्म पढ्नेहरुको बिवाह पश्चात पढाई छोडेको पाईयो र ७ जनाले स्नातक तह वा सो भन्दा माथि पढ्नेहरुको बिवाह पश्चात पढाई छोडेको पाईयो ।

गुलरिया पालिकामा बाल बिवाह गरेकाहरु मध्ये बिवाहको बेला ८६ जना जो बिध्यालयमा थियो वा जसले पढाईलाई निरन्तरता दिई रहेका थियो भने बिवाह पश्चात मात्र ५६ जनाले मात्र पढाईलाई निरन्तरता दिई रहेका पाईयो । यसको अर्थ ३० जनाले बाल विवाह पश्चात पढाई छोडेको पाईयो । बाल बिवाह गरेकाहरु मध्ये बिवाह पश्चात सबै भन्दा बढी २१ जना आधारभूत तह अनि ७ जना माध्यमिक तह र २ जना स्नातक वा सो भन्दा माथि पढ्नेहरुले बाल विवाह पश्चात पढाई छोडेको पाईयो ।

सन् २०२२ मा बिवाह भएका महिलाहरु (३१४) मध्ये १० प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये २ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ भने २० बर्ष पछि विवाह भएका ८ प्रतिशत महिलाहरु गर्भवति भएको पाईयो ।

५३ प्रतिशत सहभागिले हाल पनि यस समुदायमा बाल बिवाहको चलन बिध्यमान रहेको बताए भने ३७ प्रतिशतले बाल बिवाहको चलन नरहेको बताएका छन भने बाँकि १० प्रतिशत सहभागिहरुले आफूलाई थाह नभएको बताएका छन् ।

गुलरिया नगरपालिकाका बिवाह भएका घरधुरीका उत्तरदातालाई यस समुदायमा हाल पनि बाल बिबाहले किन निरन्तरता पाई रहेको छ भनि कारणहरु सोध्दा ७३ प्रतिशत उत्तरहरु आफ्नै ईच्छाले भागेर बिवाह गर्ने भएकोले, ४८ प्रतिशत उत्तरहरु गरीबीको कारणले, २४ प्रतिशत उत्तरहरु साथिहरुको लहलहैमा लागेर बिवाह गर्ने गरेकोले र २४ प्रतिशत उत्तरहरु सामाजिक परम्पराको कारणले यस समुदायमा हाल पनि बाल बिवाह हुने बताईन् ।

यस पालिकाका बिवाह भएका घरधुरीका उत्तरदातालाई यस समुदायमा हाल पनि बाल बिबाहले निरन्तरता पाई रहेको अवस्थामा यसलाई कसरी हटाउन वा बाल बिवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा ६१ प्रतिशत उत्तरहरु बाल वालिकाहरुलाई जनचेतना जगाएर, ५० प्रतिशत उत्तरहरु अभिभाबकहरुलाई जनचेतना जगाएर, ४६ प्रतिशत उत्तरहरु अनिवार्य शिक्षा लागु गरेर, ३७ प्रतिशत उत्तरहरु समुदायमा कडा कानुन लागु गरेर र १८ प्रतिशत उत्तरहरु समुदायमा रोजगारीको अवसर सृजना गरेर यस समुदायमा रहेको बाल बिबाहको चलन अन्त्य गर्न सक्ने बताईन् ।

यस पालिकामा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिबाहले के कस्ता नकारात्मक असरहरु पार्छ भन्ने प्रश्न सोधिएको थियो जसमा सबै भन्दा बढी ७४ प्रतिशत उत्तरहरु छिटो गर्भवती र बच्चा

जन्मिने, ७१ प्रतिशत उत्तरहरु स्वास्थ्य सम्बन्धी समस्या आउने, ५२ प्रतिशत उत्तरहरु बिध्यालय जान छोड्ने वा पढाई छोड्ने, २७ प्रतिशत आर्थिक समस्या निम्तिने र २३ प्रतिशत उत्तरहरु बाहिर हिड्डुडुलमा कमि हुने नकारात्मक असरहरु हुने बताएकाछन् ।

यस पालिकामा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिबाहको कानूनी प्राबधान र व्यवस्थाको बारेमा सोधिएको थियो जसमा सबै भन्दा बढी ८२ प्रतिशत उत्तरहरु बिवाह दर्ता नहुने, ५४ प्रतिशत उत्तरहरु बिवाह स्वत बिवाह बदर हुने, १५ प्रतिशत उत्तरहरु कैद र जरिवाना (तीन वर्ष र तीस हजार रुपैया सम्म गर्ने र गराउने दुबैलाई) र १६ प्रतिशत उत्तरहरु २० वर्ष भन्दा अगाडी केटा वा केटीलेबिवाह गर्नु हुदैन वा गराउनु हुदैन भन्ने जानकारी भएको पाईयो ।

कुल उत्तरदाता (२९९) मध्ये मात्र १% (४ जना) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बाल बिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो ।

यस पालिकामा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि सोधिएको थियो जसमा सबै भन्दा बढी ८१ प्रतिशत उत्तरहरु पुलिसमा, ५३ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ३१ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, १० प्रतिशत उत्तरहरु निगरानी समूहमा र ६ प्रतिशत उत्तरहरु बाल हेल्पलाईनमा रिपोर्ट गर्नु पर्छ भन्ने जानकारी भएको पाईएकोछ ।

कुल उत्तरदाता (२९९) मध्ये ६० प्रतिशत प्रतिक्रियाहरू वडा कार्यालयले, ४८ प्रतिशत पुलिसले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने त्यसरीनै ३९ प्रतिशत परिवारले, ३० प्रतिशत पालिकाले र ३४ प्रतिशत बाल क्लब तथा सँजालले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएकाछन् ।

समग्रमा मात्र २२ प्रतिशत (२९९ को ६५) उत्तरदाताले मात्र समुदायमा बालबिवाह र बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी भएको बताएका छन् ।

## सुझाबहरु

बाल बिवाहको चलन भएको वडाहरुमा विशेष योजना बनाएर वडा कार्यालयहरु तथा पालिकासँग मिलेर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ । साथै बाल बिवाहको चलन बढी भएको समुदायहरु जस्तै तराई जनजाति भएको गाउँहरुमा विशेष योजना बनाएर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।

सन् २०२२ अवधिमा २९९ घरपरिवार मध्य समग्रमा ७२ प्रतिशत सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा जानकारी भएको पाईयो । समग्रमा बिवाह गर्ने कानूनी उमेर थाह भएका (७२ प्रतिशत) मध्ये २२ प्रतिशत महिला तथा ५० प्रतिशत पुरुषहरुलाई बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी भएको पाईयो । यसर्थ कम जानकारी भएका समुदायमा अभिभाबक लगायत बाल बालिकाहरु सबैलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा जनचेतना जगाउँनु पर्ने देखिन्छ ।

२० वर्ष उमेर पछि बिवाह भएको (४५६) मध्ये जम्मा ४२ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो तसर्थ बिवाह भएका सबैको बिवाह दर्ताको लागि वडा कार्यालयहरुसँग मिलेर बिवाह दर्ता अभियान सञ्चालन गरी सबैको बिवाह दर्ता गर्नु पर्ने देखिन्छ ।

समग्रमा गुलरिया पालिकाको तथ्याङ्क हेर्दा सन् २०२२ मा अधिकतम ७ प्रतिशतको बाल बिवाह आधारभूत तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ७ प्रतिशत माध्यामिक तहसम्म, ६ प्रतिशत बिध्यालय नगएकाहरुमा र बाँकि १ प्रतिशत स्नातक वा सो भन्दा माथि तहसम्म पढाई भएकाहरु माझ बाल बिवाह भएको पाईयो । यसर्थ बाल बिवाह रोकथामकोलागि आधारभूत र माध्यामिक तहसम्मको शिक्षामा जोड दिनु पर्ने देखिन्छ ।

बाल बिवाहभै सकेका बाल बालिकाहरुलाई लक्षित गरी बाल बिवाह भएता पनि ढिलो गर्भवति हुने वा ढिलो बच्चा जन्माउने विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

गुलरिया पालिकामा बाल बिवाह गरेकाहरु मध्ये बिवाहको बेला ८६ जना जो बिध्यालयमा थियो वा जसले पढाईलाई निरन्तरता दिई रहेका थियो भने बिवाह पश्चात मात्र ५६ जनाले मात्र पढाईलाई निरन्तरता दिई रहेका पाईयो । यसको अर्थ ३० (३५ प्रतिशत) जनाले बाल विवाह पश्चात पढाई छोडेको पाईयो । यसर्थ बाल बिवाहको कारणले गर्दा अधिकाश बाल बालिकाहरु शिक्षाबाट बन्चित हुनु परेको यसलाई अन्त्य गर्न प्रभाबकारी कदम चाल्नु आबश्यक छ भने त्यस्ता बाल बालिकाहरुलाई पुन शिक्षालाई निरन्तरता दिन उत्प्रेरित गर्ने र शिक्षालाई निरन्तरता दिने कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

सन् २०२२ मा बिवाह भएका महिलाहरु (३१४) मध्ये १० प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये २ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ भने २० बर्ष पछि विवाह भएका ८ प्रतिशत महिलाहरु गर्भवति भएको पाईयो । यसर्थ कम उमेरमा गर्भवती र बच्चा जन्मिएमा आमा र बच्चामा पर्न सक्ने नकारात्मक असरहरुको जनचेतना पुर्याउनु पर्ने देखिन्छ ।

कुल उत्तरदाता (२९९) मध्ये मात्र १% (४ जना) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बाल बिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो । तसर्थ यस क्षेत्रमा पनि ति समुदायहरुमा जनचेतना जगाउँन वडा कार्यालय, पालिका र स्थानीय सँञ्चार माध्यमहरुसँग मिलेर काम गर्नु पर्ने देखिन्छ ।

# एकाइ १: परिचय (Introduction)

## १.१ पृष्ठभूमि

नेपालमा प्रचलित बालबिवाह एक सामाजिक समस्याको रुपमा रहेका छ । नेपालमा बालबिवाहको प्रचलन बढी छ जस्मा २०–२४ वर्षका नेपाली महिला मध्ये ३७ प्रतिशतले १८ वर्षको उमेरमा पहिलो बिवाह गरेको पाइन्छ र १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा बिवाह भएको पाइन्छ । बालबिवाहको प्रचलन दर बालकको तुलनामा बालिकाको बढि भएको पाइन्छ । त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रूपमा उच्च बालबिवाहको प्रचलन भएको पाइन्छ । अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालबिवाहको प्रचलन फरक फरक पाइन्छ ।

नेपालको संविधान (संविधान २०१५) ले बालबिवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा लिइ यसलाई निषेध गरेको छ र पीडकहरूबाट उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ । संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिँदै प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालबिवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकार, जोखिमपूर्ण कामबाट संरक्षणको अधिकार र उपेक्षा, अनैतिक प्रयोग वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक वा यौन दुरव्यवहार वा शोषण जस्ता कुनै पनि रूपको घटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ । संविधानले यी मौलिक हकहरूको उल्लङ्घन भएमा न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ ।

नेपाल सरकारले नेपालमा बालबिवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति २०७२ लाई अपनाएको छ, जसले बालबिवाह विरुद्ध लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ । विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले सन् २०३० सम्ममा बालबिवाह उन्मूलन गर्नेछ । यसले बालबिवाह अन्त्य गर्न बहु–क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ । रणनीतिले छ वटा स्तम्भहरू समावेश गर्दछ, अर्थात बालबालिकाहरू र किशोरकिशोरीहरूको सशक्तिकरण, बालबालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षा, बालकहरू, किशोरहरू र पुरुषहरूलाई संलग्न गराउने परिवार र समुदायलाई सहभागि गर्ने, सेवाहरूमा पहुँच र कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने । स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालबिवाह घटाउने सूचकहरू ८० प्रतिशत पुरा भएपछिमात्र घोषणा गर्नुपर्नेछ ।

प्लान इन्टरनेशनलको परियोजना क्षेत्रमा पर्ने कालीकोटको रास्कोट गाउंपालिकामा बाल बिवाह, कम उमेरमा हुने बिवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको नतिजा र सुझाबहरुका आधारमा प्लान इन्टरनेशनल नेपालले उक्त गाउंपालिकामा बालबिवाह न्यूनीकरण गर्न स्थानीय सरकार तथा सम्बन्धीत स्थानिय सँघसस्थाहरुसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ ।

## १.२ परियोजनाको परिचय

यो परियोजनाको अन्तिम लक्ष्य परियोजना सन्चालित नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुमा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको दर घटाउनु रहेको छ । यो एउटा बृहत्तर

कार्यपद्धतीको आधारमा सन्चालन गरिने छ जसले किशोर किशोरीहरुको संरक्षणको लागि उनीहरुको संगठन तथा सशक्तिकरण गर्छ, शिक्षा र आर्थिक सशक्तिकरणका माध्यमबाट उनीहरुको भविष्यको लागि विकल्प दिन्छ र उनीहरुलाई यौन तथा प्रजनन स्वास्थ्यको ज्ञान दिनुका साथै जीवनोपयोगि सीप बृद्धि गर्छ । यसका साथै यो परियोजनाले पारिवारको आर्थिक विपन्नताको कारणले बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका छोरीहरुको परिवारलाई आयआर्जन बृद्धिका लागि सहयोग गर्छ जसले गर्दा ती छोरीहरुको बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाह नहोस ।

यो परियोजनाले समुदाय परिचालनका माध्यमबाट बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका अन्तर्निहित कारणहरुलाई सम्बोधन गर्दै छोरीहरुलाई सम्मान दिने तथा केटी र केटाहरुको ढिलो बिवाह गर्ने खालका मूल्यमान्यताहरु अनुसरण गर्न प्रोत्साहन गर्नेर्छ । त्यसै गरी यो परियोजनाले बालसंरक्षण सम्बन्धीका कानुन तथा नीति नियमहरुको सबलीकरण तथा तिनिहरुको कार्यान्वयनको लागि पैरवी गर्ने छ । यो परियोजनाबाट नेपालको बर्दिया, कालिकोट र जुम्लाका बिभिन्न १० वटा पालिकाका ८८ समुदायमा रहेका ११२ वटा विद्यालय र ३४,८२२ बालबालिका लाभान्वित हुनेछन ।

**परियोजनाको मूख्य उद्देश्यः**
"नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका दरलाई घटाउनु ।"

**आशा गरिएका परिणामहरुः**

- बिद्यालयमा बालिकाहरुको निरन्तरता ।
- किशोर किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा ज्ञान अभिबृद्धि ।
- बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका बालिका तथा तिनिहरुका परिवारहरुाको आर्थिक अभिबृद्धिका अवशरहरुको सवलीकरण ।
- समुदायले छोरीहरुलाई महत्व दिने र तिनिहरुको ढिलो बिवाहको लागि सहयोग गर्ने खालका मूल्य मान्यताको अनुशरण ।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा बाल अधिकार उलंघन खास गरी बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्न सरोकारवालाको सक्रियतामा बृद्धि ।

## १.३ सर्वेक्षणको उद्देश्य

सर्वेक्षणको समग्र उद्देश्य कालीकोटको रास्कोट गाउँपालिकामा बालबिवाहको व्यापकता वा चलनको स्थिति पत्ता लगाउँनु ।
बालबिवाहको व्यापकता वा चलनमा कुन कुन तत्वहरुले प्रभाब पारेको छ पत्ता लगाउँनु ।
सर्वेक्षणको नतिजाको आधारमा बाल बिवाह**,** छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्ने परियोजनाका गतिबिधीहरु योजना तथा लागु गर्नु ।
सर्वेक्षणको नतिजाको आधारमा स्थानिय सरकारको निती बजेट तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यन्वयनमा मद्दत गर्ने वा सहजिकरण गर्ने ।

# एकाइ २: सर्वेक्षण क्षेत्र र विधि (Methodology)

## २.१ पालिकाको पृष्ठभुमि

तत्कालिन गुलरिया मथुराहरद्वार, साबिक मोहम्मदपुर गा.बि.स. र खैरापुर गा.बि.स.लाई मिलाएर वि.स. २०७३ सालमा गुलरिया नगरपालिकाको घोषणा भएको हो | कुल घरपरिवार संख्या १३,८३१ रहेको यस न. पा मा कुल जनसंख्या ७१,९९१ रहेको छ जस मध्ये ३६,९७२ पुरुष र ३५,०१९ महिला रहेका छन् | गुलरिया नगरपालिका तराई क्षेत्रमा पर्दछ र समुन्द्र सतह देखि १४५ मि उचाईमा रहेको छ | यो नगरपालिका लुम्बिनी प्रदेश स्थित बर्दिया जिल्ला मा पर्दछ | यो नगरपालिकाको सिमाना पूर्वमा बढैयाताल गाउँपालिका पश्चिममा मधुवन नगरपालिका उत्तरमा बाराबर्दिया नगरपालिका र दक्षिणमा भारतको उत्तर प्रदेश (बहराईच जिल्ला) रहेको छ । गुलरिया नगरपालिका नदीको बेसिन क्षेत्रमाअवस्थित, मलिलो तथा सिंचित भुमि, तराइको सम्म भूभाग तथा पुर्व पश्चिम राजमार्गबाट नजिक रहेको शहर भावी विस्तारका लागि समेत सम्भावना बोकेको शहर हो | कर्णाली नदि प्रणालीको साखा नदीको रुपमा रहेको बबई बर्दिया राष्ट्रिय निकुन्ज हुदै यस नगरको पूर्वी सिमाना भएर बग्दछ | त्यसै गरि यस नगरको पश्चिम भागलाई सर्जु नदीले सिंचित गरेको छ | गुलरियाको अधिकतम तापक्रम ४२ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ७.७ डिग्री सेल्सियस रहेको छ भने औसत बार्षिक वर्षा १०५० मि.मि रहेको छ[1] |

## २.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू

यस अध्ययनले घरपरिवार सर्वेक्षण विधि प्रयोग गरेर तथ्याङ्क सङ्कलनको बेनामि मात्रात्मक विधि प्रयोग गरिएको थियो । यो अध्ययन प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्याङ्कन, अनुसन्धान र सिकाइ ईकाईको नेतृत्वमा सर्वेक्षण गरिएको थियो भने परियोजना क्षेत्रमा स्थानीय कार्यान्वयन साझेदार संस्थाहरूको सहयोगमा र स्थानिय पालिकाहरुको समन्वयमा परिमाणात्मक सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई नियुक्त गरि सर्वेक्षण गरिएको थियो । सर्वेक्षण  गर्नु पूर्व गणकहरूलाई प्रश्नावली, अन्तर्वार्ता विधि, नमूना छनौट विधी, लिखित सहमति, बालबालिका, युवाको सुरक्षा सम्बन्धी विषयहरु समेटेर दुई दिने तालिम सञ्चालन गरिएको थियो । कालिकोटको रास्कोटा, सान्नित्रिवेणी र नरहरिनाथ, जुम्ला जिल्लाको सिन्जा, हिमा र कनकसुन्दरी तथा बर्दियाको बढैयाताल, बाँसगढी, गुलरिया र राजापुर गरी १० गाउँपालिका/नगरपालिकाका सबै वडाहरूलाई यो सर्वेक्षणमा समेटिएको थियो ।

यो सर्वेक्षणमा मूख्यतया घरमुलिलाई सहभागिको रुपमा समाबेस गरिएको थियो ।

## २.३ नमूना छनौट प्रक्रिया र नमूना

२७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । गुलरिया नगरपालिकाबाट सबै वडाहरू चयन गरिएको थियो र कुल मिलाएर, २९९ (महिला १०७ र पुरुष १९२) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । समुदायमा गणकहरुले बिवाह भएको घर पत्ता लगाउँन स्नोबल नमूना प्रविधि प्रयोग गरिएको थियो । गणकहरूले बिवाह भएको घर घरपरिवारको बारेमा समुदायमा कोहि एक जनासँग लिई सो घरमा अन्तर्वार्ता लिन्छन् । त्यसपछी सो अन्तर्वार्ता

[1] https://gulariyamun.gov.np/ne/node/140

दिने व्यक्ति सगै त्यस समुदायमा अरु दोस्रो बिवाह भएको घरको बारेमा जानकारीलिई अन्तर्वार्ताको लागि दोस्रो घरमा जाने गर्दछन् ।

## जातजातिगत रुपमा सहभागिहरुको प्रतिशत




सबै भन्दा बढी ३५ प्रतिशत तराई जनजाति त्यसपछि २७ प्रतिशत मधेशी, १६ प्रतिशत ब्राह्मण/क्षेत्री, ११ प्रतिशत मुस्लिम, ९ प्रतिशत तराई दलित, १ प्रतिशत पहाडी दलित र १ प्रतिशत अन्य जातजातिको यस सर्बेक्षणमा सहभागिता थियो ।

## उमेर अनुसार सहभागिहरुको प्रतिशत



यसरीनै उमेरगत रुपमा, ४७ (१४२ जना) प्रतिशत उत्तरदाता ४१-६० वर्ष उमेर समूहका, ३४ (१०१ जना) प्रतिशत २०-४० वर्ष उमेर समूहका, १२ (३७ जना) प्रतिशत उत्तरदाता ६१ वर्षभन्दा माथिका र ६ (१९ जना) प्रतिशत उत्तरदाता २० बर्ष भन्दा कम उमेरका उत्तरदाताहरु यस सर्बेक्षणमा सहभागिता थियो।

| वडा नम्बर | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| वडा न-१ | ११ | ६५% | ६ | ३५% | १७ |
| वडा न-२ | ७ | ३९% | ११ | ६१% | १८ |
| वडा न-३ | १५ | ५८% | ११ | ४२% | २६ |
| वडा न-४ | ७ | २८% | १८ | ७२% | २५ |
| वडा न-५ | १३ | ४३% | १७ | ५७% | ३० |
| वडा न-६ | १० | ६३% | ६ | ३८% | १६ |
| वडा न-७ | ८ | ४०% | १२ | ६०% | २० |
| वडा न-८ | ७ | १९% | २९ | ८१% | ३६ |
| वडा न-९ | ७ | ३५% | १३ | ६५% | २० |
| वडा न-१० | २ | ६% | ३१ | ९४% | ३३ |
| वडा न-११ | १९ | ५४% | १६ | ४६% | ३५ |
| वडा न-१२ | १ | ४% | २२ | ९६% | २३ |
| **जम्मा** | **१०७** | **३६%** | **१९२** | **६४%** | **२९९** |

समग्रमा, ६४ (१९२ जना) प्रतिशत पुरुष र ३६ (१०७ जना) प्रतिशत महिला उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए ।

## २.४ तथ्याङ्क सङ्कलन विधि

सर्वेक्षण प्रश्नावली कोबो टूलबक्स (KoBo Toolbox) मा डिजाइन गरिएको थियो, मोबाइलमा आधारित डाटा सङ्कलनका लागि नि:शुल्क र खुला स्रोत सफ्टवेयर कोबो टूलबक्स प्रयोग गरिएको थियो । मोबाईलमा आधारीत कोबो कलेक्ट एप प्रयोग गरेर घरपरिवार सर्वेक्षण गरिएको थियो। यो अन्तर्वार्ता अवधिमा घरमा उपस्थित अभिभावक वा घरपरिवार प्रमुख वा घरपरिवारका सदस्यहरूलाई समाबेस गरिएको थियो।

स्थानीय साझेदार सस्थाहरूको सहयोगमा स्थानीय गणकहरू नियुक्त गरिएको थियो। उनीहरूलाई डाटा सङ्कलन आवेदन, प्रश्नावली उपकरण र घरपरिवार छनोट प्रक्रियाबारे दुई दिने तालिम दिइएको थियो तालिमकै दौरान मोबाईलमा आधारीत कोबो कलेक्ट एपसँग परिचित गराइएको थियो । प्रश्नावलीहरू पूर्व-परीक्षण (Pre-test) पछि परिमार्जन गरिएको थियो भने त्यसपछि फिल्डमा डाटा सङ्कलन गरिएको थियो । प्रतिवेदनको तयारी वर्णनात्मक सांख्यिकीय विधिहरू (चार्ट, एक्सेल उपकरणमा ग्राफहरू) प्रयोग गरेर विश्लेषण गरिएको थियो।

## २.५ बाल संरक्षण, सहमति र गोपनीयता

स्थानीय साझेदारहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि गाउँपालिका/नगरपालिकाबाट लिखित सहमति प्राप्त गरेका थिए। गणकहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि अध्ययनमा सहभागीहरूबाट लिखित सहमति प्राप्त गरेका थिए र यदि उत्तरदाताको उमेर १८ वर्ष भन्दा कम छ भने, उसको/उनको अभिभावकबाट अनुमति प्राप्त गरिएको थियो। अध्ययन टोलीले सबै सहभागीहरूलाई अध्ययनको उद्देश्यहरू, तिनीहरूको स्वैच्छिक संलग्नता, तथ्याङ्क गोपनीयता, तथ्याङ्कको प्रयोग र उनीहरूको नाम प्रतिवेदनमा उल्लखे नहुने जस्ता कुरा बारे जानकारी गराएको थियो।

तथ्याङ्क सङ्कलनका सबै चरणहरूमा बालबालिका र युवाहरूलाई हानिबाट जोगिन र यस अध्ययनमा सबै सहभागीहरूको सुरक्षित सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त न्यूनीकरणका उपायहरू अवलम्बन गर्नका लागि गणकहरूलाई अभिमुखीकरण गरिएको थियो।

## २.६ तथ्याङ्क गुणस्तर, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण

घरपरिवारसँग सोधिएको प्रश्नावलीहरू परियोजना टोली, स्थानीय सरकार लगायत साझेदारहरूसँग उहाँहरूको समीक्षा सुझाब र प्रतिक्रियाको लागि प्रदान गरिएको थियो। प्रतिक्रिया/सुझाबहरू अन्तिम संस्करणमा समावेश गरि कोबो कलेक्टमा फारम डिजाइन गरिएको थियो । समुदायमा तथ्याङ्क सङ्कलन गर्नुअघि अध्ययन टोलीद्वारा पूर्व-परीक्षण गरिएको थियो । परियोजना स्थानहरूमा तथ्याङ्क सङ्कलन लगि मोबाइल एप्समा आधारित कोबो टूलबक्स प्रयोग गरिएको थियो।

सङ्कलन गरिएको तथ्याङ्क इलेक्ट्रोनिक प्रोटोकल र उपकरणहरू प्रयोग गरी व्यवस्थित गरिएको थियो । वर्णनात्मक सांख्यिकीय उपकरणहरू जस्तै फ्रिक्वेन्सी, प्रतिशत, ग्राफ आदि, सम्भव भएसम्म विश्लेषण गर्न प्रयोग गरियो।

## २.७ अध्ययनको सीमितता

अध्ययनका निष्कर्षहरू परियोजना अध्ययन स्थानहरू भित्रको जनसंख्यामा सीमित छन् र कुनै अन्य जनसांख्यिकीयमा लागू नहुन सक्छ।

अध्ययनका निष्कर्षहरू अन्तर्वार्ताका सहभागीहरूको व्याख्यामा सीमित छन्।

अध्ययन क्षेत्र/परियोजना स्थानहरूमा अन्य विकास परियोजनाहरू र कार्यक्रमहरू चलिरहेका छन् जसले बालबिवाहको न्यूनिकरणमा योगदान पुऱ्याएको हुन सक्छ।

# एकाइ ३: तथ्यांक विश्लेषण र सारहरु (Data Analysis and Findings)

## ३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी

**तालिका १: विवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी**

| वडा नम्बर | | भएको | % | नभएको | % | जम्मा |
|---|---|---|---|---|---|---|
| वडा न-१ | | १७ | १००% | ० | ०% | १७ |
| वडा न-२ | | १५ | ८३% | ३ | १७% | १८ |
| वडा न-३ | | ७ | २७% | १९ | ७३% | २६ |
| वडा न-४ | | १२ | ४८% | १३ | ५२% | २५ |
| वडा न-५ | | १५ | ५०% | १५ | ५०% | ३० |
| वडा न-६ | | ९ | ५६% | ७ | ४४% | १६ |
| वडा न-७ | | ७ | ३५% | १३ | ६५% | २० |
| वडा न-८ | | ३६ | १००% | ० | ०% | ३६ |
| वडा न-९ | | १७ | ८५% | ३ | १५% | २० |
| वडा न-१० | | ३० | ९१% | ३ | ९% | ३३ |
| वडा न-११ | | २७ | ७७% | ८ | २३% | ३५ |
| वडा न-१२ | | २३ | १००% | ० | ०% | २३ |
| | जम्मा | २१५ | ७२% | ८४ | २८% | २९९ |

यो अध्ययनमा सहभागि भएका २९९ घरपरिवार मध्ये समग्रमा ७२ प्रतिशत सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा सबै भन्दा बढी वडा नम्बर १, ८ र ९ मा (१०० प्रतिशत), वडा नम्बर ९ (८५ प्रतिशत) र वडा नम्बर २ (८३ प्रतिशत) का सहभागिलाई थाह भएको पाईयो । वडागत हिसाबले हेर्दा वडा नम्बर ३, ४ र ७ का सहभागिहरुलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा कम जानकारी भएको पाईयो ।

**तालिका २: लैङ्गिकता अनुसार विवाह गर्ने कानूनी उमेरको बारेमा ज्ञान**

| वडा नम्बर | थाह भएको | | | | | | थाह नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ११ | ६५% | ६ | ३५% | १७ | १००% | ० | ०% | ० | ०% | ० | ०% | १७ |
| वडा न-२ | ५ | २८% | १० | ५६% | १५ | ८३% | २ | ११% | १ | ६% | ३ | १७% | १८ |
| वडा न-३ | ३ | १२% | ४ | १५% | ७ | २७% | १२ | ४६% | ७ | २७% | १९ | ७३% | २६ |
| वडा न-४ | ३ | १२% | ९ | ३६% | १२ | ४८% | ४ | १६% | ९ | ३६% | १३ | ५२% | २५ |
| वडा न-५ | ७ | २३% | ८ | २७% | १५ | ५०% | ६ | २०% | ९ | ३०% | १५ | ५०% | ३० |
| वडा न-६ | ६ | ३८% | ३ | १९% | ९ | ५६% | ४ | २५% | ३ | १९% | ७ | ४४% | १६ |
| वडा न-७ | १ | ५% | ६ | ३०% | ७ | ३५% | ७ | ३५% | ६ | ३०% | १३ | ६५% | २० |
| वडा न-८ | ७ | १९% | २९ | ८१% | ३६ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ३६ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-९ | ५ | २५% | १२ | ६०% | १७ | ८५% | २ | १०% | १ | ५% | ३ | १५% | २० |
| वडा न-१० | २ | ६% | २८ | ८५% | ३० | ९१% | ० | ०% | ३ | ९% | ३ | ९% | ३३ |
| वडा न-११ | १५ | ४३% | १२ | ३४% | २७ | ७७% | ४ | ११% | ४ | ११% | ८ | २३% | ३५ |
| वडा न-१२ | १ | ४% | २२ | ९६% | २३ | १००% | ० | ०% | ० | ०% | ० | ०% | २३ |
| **जम्मा** | ६६ | २२% | १४९ | ४९.८% | २१५ | ७२% | ४१ | १४% | ४३ | १४% | ८४ | २८% | २९९ |

समग्रमा बिवाह गर्ने कानूनी उमेर थाह भएका (७२ प्रतिशत) मध्ये ५० प्रतिशत पुरुष तथा २२ प्रतिशत महिलाहरुलाई बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी भएको पाईयो । वडागत रुपमा लैङ्गिक अनुसार बिवाह गर्ने कानूनी उमेर थाह भएको र थाह नभएको विवरण तालिका नम्बर २ मा प्रश्तुत गरीएको छ । सबै भन्दा बढि वडा नम्बर १२ मा ९६ प्रतिशत पुरुष र वडा नम्बर १ मा ६५ प्रतिशत महिलालाई बिवाह गर्ने कानूनी उमेरको बारेमा थाह भएको पाईयो ।

## ३.२ बालबिवाह

### ३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था




यस पालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ३८ प्रतिशत, सन् २०२१ मा ३० प्रतिशत र सन् २०२२ मा २१ प्रतिशत बाल बिवाहको दर पाईयो । बाल बिवाह को दर सन् २०२१ को तुलनामा उल्लेख्य रुपमा घटेको पाईएको छ जुन नेपालको औषत बाल बिवाह दर (२९ प्रतिशत[2]) भन्दा कम हो ।

[2] https://nepal.unfpa.org/en/publications/national-strategy-ending-child-marriage-0

**तालिका ३: वडागत बाल विवाहको २ बर्षको विवरण**

| वडा नम्बर | सन् २०२१ | | | सन् २०२२ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत |
| वडा न-१ | ४१ | २२ | ५४% | २९ | १० | ३४% |
| वडा न-२ | ८१ | २५ | ३१% | ३३ | ११ | ३३% |
| वडा न-३ | २८ | ८ | २९% | ५२ | १५ | २९% |
| वडा न-४ | ६२ | १६ | २६% | ५२ | ८ | १५% |
| वडा न-५ | ३९ | ७ | १८% | ५८ | १० | १७% |
| वडा न-६ | ५३ | १२ | २३% | २३ | १ | ४% |
| वडा न-७ | ६४ | १८ | २८% | ३७ | ७ | १९% |
| वडा न-८ | ४२ | १२ | २९% | ७६ | १८ | २४% |
| वडा न-९ | ५२ | १६ | ३१% | ३६ | ६ | १७% |
| वडा न-१० | ५१ | १७ | ३३% | ७० | १६ | २३% |
| वडा न-११ | ३९ | ११ | २८% | ६७ | ११ | १६% |
| वडा न-१२ | ६५ | २० | ३१% | ४२ | ६ | १४% |
| **जम्मा** | **६१७** | **१८४** | **३०%** | **५७५** | **११९** | **२१%** |

यस पालिकामा गत एक वर्षमा ५७५ जनाको बिवाह भएका थियो भने जसमा ११९ बालबिवाहमा पर्दछन् जुन जम्मा बिवाहको २१ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा यो ३० प्रतिशत थियो । सन् २०२२ मा वडा नं १, २ र ३ मा बालबिवाह वढि भएको देखिन्छ जुन क्रमश ३४ प्रतिशत ३३ प्रतिशत र २९ प्रतिशत छ भने वडा नं ६, १२, र ४ मा कम बालबिवाह देखिन्छ । तालिका ३ मा विष्तृत रुपमा प्रस्तुत गरिएको छ ।

## दुई बर्षको वडागत अनुसार बाल विवाहको तुलनात्मक प्रतिशत




वडागत रुपमा हेर्दा विगतका बर्षमा भन्दा सन् २०२२ मा वडा नम्बर २ मा बाल विवाह बढेको पाईयो भने वडा नम्बर १ मा उल्लेख्य रुपमा बाल बिवाह घटेको पाईयो ।

तालिका ४: सन् २०२२ मा लैङ्गिक तथा वडागत बाल विवाहको विवरण

| वडा नम्बर | २० बर्ष भन्दा मुनिको विवाह | | | | | | २० बर्ष पारीको विवाह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ७ | २४% | ३ | १०% | १० | ३४% | १० | ३४% | ९ | ३१% | १९ | ६६% | २९ |
| वडा न-२ | ७ | २१% | ४ | १२% | ११ | ३३% | ११ | ३३% | ११ | ३३% | २२ | ६७% | ३३ |
| वडा न-३ | १४ | २७% | १ | २% | १५ | २९% | १२ | २३% | २५ | ४८% | ३७ | ७१% | ५२ |
| वडा न-४ | ७ | १३% | १ | २% | ८ | १५% | १९ | ३७% | २५ | ४८% | ४४ | ८५% | ५२ |
| वडा न-५ | ७ | १२% | ३ | ५% | १० | १७% | २६ | ४५% | २२ | ३८% | ४८ | ८३% | ५८ |
| वडा न-६ | १ | ४% | ० | ०% | १ | ४% | १६ | ७०% | ६ | २६% | २२ | ९६% | २३ |
| वडा न-७ | ७ | १९% | ० | ०% | ७ | १९% | १४ | ३८% | १६ | ४३% | ३० | ८१% | ३७ |
| वडा न-८ | १४ | १८% | ४ | ५% | १८ | २४% | २४ | ३२% | ३४ | ४५% | ५८ | ७६% | ७६ |
| वडा न-९ | ६ | १७% | ० | ०% | ६ | १७% | १६ | ४४% | १४ | ३९% | ३० | ८३% | ३६ |
| वडा न-१० | १४ | २०% | २ | ३% | १६ | २३% | २१ | ३०% | ३३ | ४७% | ५४ | ७७% | ७० |
| वडा न-११ | ६ | ९% | ५ | ७% | ११ | १६% | ३१ | ४६% | २५ | ३७% | ५६ | ८४% | ६७ |
| वडा न-१२ | ५ | १२% | १ | २% | ६ | १४% | १९ | ४५% | १७ | ४०% | ३६ | ८६% | ४२ |
| जम्मा | ९५ | १७% | २४ | ४% | ११९ | २१% | २१९ | ३८% | २३७ | ४१% | ४५६ | ७९% | ५७५ |

यस पालिका अन्तरगत जम्मा बाल बिवाह (२१ प्रतिशत) भएको मध्ये १७ प्रतिशत महिलाहरुको र ४ प्रतिशत पुरुषहरुको बाल बिवाह भएको पाईयो जसमा यो दर महिलाहरुको सन्दर्भमा सबै भन्दा बढी वडा नम्बर ३ मा २७ प्रतिशत, वडा नम्बर १ मा २४ प्रतिशत र २ मा २१ प्रतिशत रहेको छ । त्यसरीनै पुरुषहरुको हकमा सबै भन्दा बढी वडा नम्बर २ मा १२ प्रतिशत, वडा नम्बर १ मा १० प्रतिशत र वडा नम्बर ११ मा ७ प्रतिशत बाल बिवाह भएको पाईयो ।

तालिका ५ सन् २०२२ मा जातिगत तथा वडागत बाल विवाहको विवरण

| वडा नम्बर | २० बर्ष भन्दा मुनिको विवाह | | | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहम्ण क्षत्री | % | तराई दलित | % | अन्य | % | तराई जनजाति | % | मधेशी | % | पहाडि दलित | % | मुस्लिम | % | जम्मा | % | |
| वडा न-१ | ८ | २८% | ० | ०% | १ | ३% | १ | ३% | ० | ०% | ० | ०% | ० | ०% | १० | ३४% | २९ |
| वडा न-२ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ७ | २१% | ० | ०% | ४ | १२% | ११ | ३३% | ३३ |
| वडा न-३ | २ | ४% | ० | ०% | ० | ०% | ० | ०% | ११ | २१% | ० | ०% | २ | ४% | १५ | २९% | ५२ |
| वडा न-४ | ३ | ६% | १ | २% | ० | ०% | ३ | ६% | ० | ०% | १ | २% | ० | ०% | ८ | १५% | ५२ |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | १० | १७% | ० | ०% | ० | ०% | ० | ०% | १० | १७% | ५८ |
| वडा न-६ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १ | ४% | १ | ४% | २३ |
| वडा न-७ | १ | ३% | २ | ५% | ० | ०% | १ | ३% | २ | ५% | ० | ०% | १ | ३% | ७ | १९% | ३७ |
| वडा न-८ | ० | ०% | ० | ०% | ० | ०% | ७ | ९% | ११ | १४% | ० | ०% | ० | ०% | १८ | २४% | ७६ |
| वडा न-९ | ० | ०% | २ | ६% | ० | ०% | ० | ०% | २ | ६% | २ | ६% | ० | ०% | ६ | १७% | ३६ |
| वडा न-१० | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १० | १४% | ० | ०% | ६ | ९% | १६ | २३% | ७० |
| वडा न-११ | ० | ०% | ० | ०% | ० | ०% | ११ | १६% | ० | ०% | ० | ०% | ० | ०% | ११ | १६% | ६७ |
| वडा न-१२ | ० | ०% | ० | ०% | ० | ०% | ६ | १४% | ० | ०% | ० | ०% | ० | ०% | ६ | १४% | ४२ |
| जम्मा | १४ | २% | ५ | १% | १ | ०% | ३९ | ७% | ४३ | ७% | ३ | १% | १४ | २% | ११९ | २१% | ५७५ |

यस पालिकाको जातिगत रुपमा तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी ७ प्रतिशत तराई जनजाति समुदायमा भएको पाईयो भने ७ प्रतिशत मधेशी समुदायमा २ प्रतिशत ब्राम्हण क्षत्रि तथा २ प्रतिशत मुस्लिम समुदायमा भएको पाईयो । वडागत रुपमा मधेशी समुदायमा हेर्दा सबै भन्दा बढी वडा नम्बर २ र ३ मा २१ प्रतिशत तथा वडा नम्बर ८ र १० मा १४ प्रतिशत बाल बिवाह भएको देखियो ।

### ३.२.२ बिवाहको प्रकार

**तालिका ६ सन् २०२२ मा विवाहको प्रकार तथा वडागत विवाहको विवरण**

| वडा नम्बर | २० बर्ष भन्दा मुनिको विवाह | | | | | | २० बर्ष पारीको विवाह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभाबकले गरी दिएको बिवाह | % | आफ्नै ईच्छाले बिवाह गरेको | % | जम्मा | % | अभिभाबकले गरी दिएको बिवाह | % | आफ्नै ईच्छाले बिवाह गरेको | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | १० | ३४% | १० | ३४% | १४ | ४८% | ५ | १७% | १९ | ६६% | २९ |
| वडा न-२ | ९ | २७% | २ | ६% | ११ | ३३% | २२ | ६७% | ० | ०% | २२ | ६७% | ३३ |
| वडा न-३ | १५ | २९% | ० | ०% | १५ | २९% | ३१ | ६०% | ६ | १२% | ३७ | ७१% | ५२ |
| वडा न-४ | ३ | ६% | ५ | १०% | ८ | १५% | ३६ | ६९% | ८ | १५% | ४४ | ८५% | ५२ |
| वडा न-५ | २ | ३% | ८ | १४% | १० | १७% | ३६ | ६२% | १२ | २१% | ४८ | ८३% | ५८ |
| वडा न-६ | १ | ४% | ० | ०% | १ | ४% | २२ | ९६% | ० | ०% | २२ | ९६% | २३ |
| वडा न-७ | ६ | १६% | १ | ३% | ७ | १९% | २२ | ५९% | ८ | २२% | ३० | ८१% | ३७ |
| वडा न-८ | १३ | १७% | ५ | ७% | १८ | २४% | ५५ | ७२% | ३ | ४% | ५८ | ७६% | ७६ |
| वडा न-९ | ४ | ११% | २ | ६% | ६ | १७% | २४ | ६७% | ६ | १७% | ३० | ८३% | ३६ |
| वडा न-१० | १६ | २३% | ० | ०% | १६ | २३% | ५४ | ७७% | ० | ०% | ५४ | ७७% | ७० |
| वडा न-११ | ३ | ४% | ८ | १२% | ११ | १६% | ३१ | ४६% | २५ | ३७% | ५६ | ८४% | ६७ |
| वडा न-१२ | ० | ०% | ६ | १४% | ६ | १४% | २४ | ५७% | १२ | २९% | ३६ | ८६% | ४२ |
| जम्मा | **७२** | **१३%** | **४७** | **८%** | **११९** | **२१%** | **३७१** | **६५%** | **८५** | **१५%** | **४५६** | **७९%** | **५७५** |

सन् २०२२ अवधिमा यस पालिकामा जम्मा भएको बिवाह मध्ये करिब २३ (५७५ मध्ये १३२) प्रतिशत मात्र आफ्नै ईच्छाले बिवाह गरेको देखिन्छ भने बाँकि ७७ (५७५ मध्ये ४४३) प्रतिशत अभिभाबकले बिवाह गरीदिएको पाईयो । बाल बिवाहको हकमा हेर्ने हो भने १३ प्रतिशत बिवाह अभिभाबकले गरी दीएको र बाँकि ८ प्रतिशत आफ्नै ईच्छाले बिवाह गरको तथ्याङ्कले देखाउछ । यसरीनै बाल बिवाह को हकमा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर १ मा ३४ प्रतिशत, वडा नम्बर ५ मा १४ प्रतिशत र वडा नम्बर १२ मा १४ प्रतिशत आफ्नै ईच्छाले बिवाह गर्ने चलन रहेको देखियो ।

**तालिका ७ सन् २०२२ मा बाल विवाहको प्रकार तथा वडागत र लैङ्गिक विवरण**

| वडा नम्बर | अभिभाबकले गरी दिएको बिवाह | | | | | | आफ्नै ईच्छाले बिवाह गरेको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | ० | ०% | ० | ०% | ७ | ७०% | ३ | ३०% | १० | १००% | १० |
| वडा न-२ | ६ | ५५% | ३ | २७% | ९ | ८२% | १ | ९% | १ | ९% | २ | १८% | ११ |
| वडा न-३ | १४ | ९३% | १ | ७% | १५ | १००% | ० | ०% | ० | ०% | ० | ०% | १५ |
| वडा न-४ | ३ | ३८% | ० | ०% | ३ | ३८% | ४ | ५०% | १ | १३% | ५ | ६३% | ८ |
| वडा न-५ | २ | २०% | ० | ०% | २ | २०% | ५ | ५०% | ३ | ३०% | ८ | ८०% | १० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-६ | | १ | १००% | ० | ०% | १ | १००% | ० | ०% | ० | ०% | ० | ०% | १ |
| वडा न-७ | | ६ | ८६% | ० | ०% | ६ | ८६% | १ | १४% | ० | ०% | १ | १४% | ७ |
| वडा न-८ | | १० | ५६% | ३ | १७% | १३ | ७२% | ४ | २२% | १ | ६% | ५ | २८% | १८ |
| वडा न-९ | | ४ | ६७% | ० | ०% | ४ | ६७% | २ | ३३% | ० | ०% | २ | ३३% | ६ |
| वडा न-१० | | १४ | ८८% | २ | १३% | १६ | १००% | ० | ०% | ० | ०% | ० | ०% | १६ |
| वडा न-११ | | २ | १८% | १ | ९% | ३ | २७% | ४ | ३६% | ४ | ३६% | ८ | ७३% | ११ |
| वडा न-१२ | | ० | ०% | ० | ०% | ० | ०% | ५ | ८३% | १ | १७% | ६ | १००% | ६ |
| | जम्मा | ६२ | ५२% | १० | ८% | ७२ | ६१% | ३३ | २८% | १४ | १२% | ४७ | ३९% | ११९ |

सन् २०२२ अवधिमा जम्मा बाल बिवाह  भएका मध्ये ३९ प्रतिशत आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने ६१ प्रतिशत अभिभावकले बाल बिवाह गरी दिएको पाईयो। बाल बिवाह मध्ये २८ प्रतिशत महिलाको र १२ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । आफ्नै ईच्छाले बिवाह गरेको बाल बिवाहको महिलाको हकमा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर १२ मा ८३ प्रतिशत, वडा नम्बर १ मा ७० प्रतिशत र वडा नम्बर ५ मा ५० प्रतिशत आफ्नै ईच्छाले बिवाह गर्ने चलन रहेको देखियो। त्यसरीनै पुरुषको हकमा आफ्नै ईच्छाले बिवाह बाल बिवाह गरेको सबै भन्दा बढी वडा नम्बर ११ मा ३६ प्रतिशत वडा नम्बर ५ मा ३० प्रतिशत र वडा नम्बर १ मा ३० प्रतिशत आफ्नै ईच्छाले बिवाह गर्ने चलन रहेको देखियो। यसरी समग्रमा बर्दियान जिल्लाको राजापुर नगरपालिकामा पुरुषहरुको तुलनामा महिलाहरुले आफ्नै ईच्छाले बाल बिवाह गर्ने चलन रहेको पाईयो ।

### ३.२.३ बिवाह दर्ताको अवस्था

**तालिका ८: २० पारी भएको वडागत विवाहको विवरण तथा विवाह दर्ता विवरण**

| वडा नम्बर | | विवाह दर्ता | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | भएको | % | नभएको | % | |
| वडा न-१ | | १२ | ६३% | ७ | ३७% | १९ |
| वडा न-२ | | १४ | ६४% | ८ | ३६% | २२ |
| वडा न-३ | | ११ | ३०% | २६ | ७०% | ३७ |
| वडा न-४ | | २५ | ५७% | १९ | ४३% | ४४ |
| वडा न-५ | | ३३ | ६९% | १५ | ३१% | ४८ |
| वडा न-६ | | १२ | ५५% | १० | ४५% | २२ |
| वडा न-७ | | ११ | ३७% | १९ | ६३% | ३० |
| वडा न-८ | | १७ | २९% | ४१ | ७१% | ५८ |
| वडा न-९ | | ० | ०% | ३० | १००% | ३० |
| वडा न-१० | | ८ | १५% | ४६ | ८५% | ५४ |
| वडा न-११ | | १६ | २९% | ४० | ७१% | ५६ |
| वडा न-१२ | | ३१ | ८६% | ५ | १४% | ३६ |
| | **जम्मा** | **१९०** | **४२%** | **२६६** | **५८%** | **४५६** |

२० वर्ष उमेर पुगे पछि बिवाह भएको (४५६) मध्ये जम्मा ४२ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जस्मा सबै भन्दा बढी वडा नम्बर १२ मा ८६ प्रतिशत, वडा नम्बर ५ मा ६९ प्रतिशत र वडा नम्बर २ मा ६४ प्रतिशत रहको पाईयो भने सबै भन्दा कम वडा नम्बर ९ मा ० प्रतिशत, वडा नम्बर १० मा १५ प्रतिशत र ३ वडा नम्बर ११ मा २९ प्रतिशतमात्र  बिवाह दर्ता भएको देखियो ।

**तालिका ९: २० पारी भएको वडागत विवाहको विवरण तथा लैङ्गिक अनुसार विवाह दर्ता विवरण**

| वडा नम्बर | महिला | | | | | | पुरुष | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको | % | नभएको | % | जम्मा | % | भएको | % | नभएको | % | जम्मा | % | |
| वडा न-१ | ६ | ३२% | ४ | २१% | १० | ५३% | ६ | ३२% | ३ | १६% | ९ | ४७% | १९ |
| वडा न-२ | ७ | ३२% | ४ | १८% | ११ | ५०% | ७ | ३२% | ४ | १८% | ११ | ५०% | २२ |
| वडा न-३ | ४ | ११% | ८ | २२% | १२ | ३२% | ७ | १९% | १८ | ४९% | २५ | ६८% | ३७ |
| वडा न-४ | १२ | २७% | ७ | १६% | १९ | ४३% | १३ | ३०% | १२ | २७% | २५ | ५७% | ४४ |
| वडा न-५ | १७ | ३५% | ९ | १९% | २६ | ५४% | १६ | ३३% | ६ | १३% | २२ | ४६% | ४८ |
| वडा न-६ | ८ | ३६% | ८ | ३६% | १६ | ७३% | ४ | १८% | २ | ९% | ६ | २७% | २२ |
| वडा न-७ | ६ | २०% | ८ | २७% | १४ | ४७% | ५ | १७% | ११ | ३७% | १६ | ५३% | ३० |
| वडा न-८ | ८ | १४% | १६ | २८% | २४ | ४१% | ९ | १६% | २५ | ४३% | ३४ | ५९% | ५८ |
| वडा न-९ | ० | ०% | १६ | ५३% | १६ | ५३% | ० | ०% | १४ | ४७% | १४ | ४७% | ३० |
| वडा न-१० | ४ | ७% | १७ | ३१% | २१ | ३९% | ४ | ७% | २९ | ५४% | ३३ | ६१% | ५४ |
| वडा न-११ | ८ | १४% | २३ | ४१% | ३१ | ५५% | ८ | १४% | १७ | ३०% | २५ | ४५% | ५६ |
| वडा न-१२ | १६ | ४४% | ३ | ८% | १९ | ५३% | १५ | ४२% | २ | ६% | १७ | ४७% | ३६ |
| जम्मा | ९६ | २१% | १२३ | २७% | २१९ | ४८% | ९४ | २१% | १४३ | ३१% | २३७ | ५२% | ४५६ |

२० वर्ष उमेर माथि बिवाह भएको (४५६) मध्ये जम्मा २१ प्रतिशत पुरुषहरुको बिवाह दर्ता भएको देखियो भने महिलाहरुको हकमा पनि २१ प्रतिशतनै बिवाह दर्ता भएको पाईयो । यो अध्ययनले गुलरिया नगरपालिकामा महिला र पुरुष दुबै समूहमा बिवाह दर्ता गर्ने चलन कम रहेको पाईयो यसर्थ बिवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउँनु जरुरी देखियो । महिला र पुरुषहरुको बिवाह पश्चात बिवाह दर्ताको विष्तृत विवरण तालिका ९ मा दिईएको छ ।

## ३.२.४ बिवाह हुँदा र बिवाह पछिको शैक्षिक अवस्था

**तालिका १०: विवाह हुँदाको शैक्षिक अवस्था अनुसार वडागत विवाहको विवरण**

| वडा नम्बर | २० वर्ष अघि भएको विवाह | | | | | | | | | | २० बर्ष माथि भएको विवाह | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कहिलै विध्यालय नगएको | % | आधारभूत तह सम्म | % | माध्यामिक तह सम्म | % | स्नातक तह वा सो भन्दा माथि | % | जम्मा | % | कहिलै विध्यालय नगएको | % | आधारभूत तह सम्म | % | माध्यामिक तहसम्म | % | स्नातक तह वा सो भन्दा माथि | % | जम्मा | % | |
| वडा न-१ | २ | ७% | १ | ३% | ६ | २१ % | १ | ३% | १० | ३४% | ९ | ३१% | ० | ०% | ५ | १७% | ५ | १७% | १९ | ६६% | २९ |
